# अख्तियार दुरुपयोग अनुसन्धान आयोग
# टंगाल, काठमाडौं

मिति: २०८१।०६।१५ गते।

## प्रेस विज्ञप्ति

**विषयः** प्रतिवादी टकदत्त प्याकुरेलसमेत रहेको भ्रष्टाचार मुद्दामा विशेष अदालतबाट भएको फैसलाउपर आयोगलाई चित्त नबुझी सम्मानित सर्वोच्च अदालतमा पुनरावेदन गरिएको।

अख्तियार दुरुपयोग अनुसन्धान आयोगबाटः-

**प्रतिवादीहरू टकदत्त प्याकुरेल, मकरध्वज शाही र विनोद थापालाई** भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ८ को उपदफा (१) को खण्ड (ग) र (ङ) को कसूरमा बिगो रू.२१,४७,४९२।७३ कायम गरी सोही ऐनको दफा ८ को उपदफा (१) बमोजिम कैद र बिगो बमोजिम जरिवाना गरी सोही ऐनको दफा ८ को उपदफा (१) बमोजिम बिगो असुल उपर हुन साथै निजहरूलाई गलत विवरण राखी तयार गरेको नापी किताब र कार्यसम्पन्न प्रतिवेदन तयार एवं स्वीकृत गरेको हुँदा भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १९(२) बमोजिमको कसूरमा ऐ. ऐनको दफा १९(२) बमोजिम थप कैद र जरिवाना हुन,

**प्रतिवादी गणेश भण्डारीले (ठेकेदार)** फिल्डमा भएको वास्तविक कामभन्दा नापी किताबमा बढी काम गरेको देखाई वास्तविक कामभन्दा बढी भुक्तानी लिएको हुँदा निजलाई भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ८(४) बमोजिमको कसूरमा बिगो रू. २१,४७,४९२।७३ कायम गरी सोही ऐनको दफा ८(४) बमोजिम कैद वा विगो बमोजिम जरिवाना गरी विगोसमेत ऐ. ऐनको दफा ८(४) बमोजिम जफत हुन,

मागदावी लिई विशेष अदालत, काठमाडौंमा आरोपपत्र दायर गरिएकोमा विशेष अदालतले निम्न आधारमा मिति २०८०।११।१६ को फैसलाबाट निम्न आधारमा सफाई दिएको-:

- नियमानुसार ठेक्का सम्झौता भएको र सडक निर्माणको कार्य सम्पन्न भएकोमा विवाद नदेखिएको,
- प्रतिवादीहरुको मौकाको वयान र अदालत समक्षको वयान, वादी प्रतिवादीका साक्षी एवं अदालतबाट बुझिएका साक्षीहरुको बकपत्र वेहोरा समेतको आधारमा सडक निर्माणको काममा कम परिणामको काम गरी बढी भुक्तानी लिएको र आपसी मिलेमतोमा प्रतिवादीहरुले सरकारी रकम हिनामिना गरेको भन्ने तथ्य वस्तुगत प्रमाणको आधारमा पुष्टि हुन नआएको,
- वादीले प्रमाणको रुपमा पेश गरेको स्थलगत मुचुल्कालाई थप पुष्टि गर्न प्रतिवेदनमा दस्तखत गर्ने सबैलाई साक्षी प्रस्तुत नगरी केहीलाई मात्र साक्षीको रुपमा प्रस्तुत गरेको देखिएको तर प्रतिवेदन वेहोरा ठीक हो भन्ने मौकामा लेखाउने ती साक्षीहरुले अदालतमा आई आफूहरु आयोगको टोलीले गरेको नापजाँचमा उपस्थित नभएको, प्रतिवेदनमा सही गरिदिनु भनेपछि आग्रह गरेकोले सही सम्म गरिदिएको भनी बकपत्र गरेबाट आयोगको उक्त स्थलगत नाँपजाँच नै खण्डित भएको देखिएको,

  विशेष अदालतको उपरोक्त फैसलाउपर आयोगलाई चित्त नबुझी देहायबमोजिमका आधार लिई सम्मानित सर्वोच्च अदालतमा मिति २०८१।०६।१५ मा पुनरावेदन गरिएको छः-

**देहायः**

- प्रतिवादीहरुले कसूरबाट बच्नको लागि गरेको इन्कारी वयान अन्य स्वतन्त्र प्रमाणहरुबाट समर्थित भएको अबस्था नदेखिदा प्रतिवादीहरुको इन्कारी वयान मात्र सफाई पाउने आधार बन्न नसक्ने भएकोले प्रतिवेदकहरुले मौकाको प्रतिवेदन समर्थन गरी अदालतमा उपस्थित भई बकपत्र गरेको अवस्थामा मिसिल संलग्न तथ्य प्रमाणहरुको न्यायिक विश्लेषण नगरी एकतर्फि रुपले प्रतिवादीहरुलाई सफाई दिने गरी भएको फैसला त्रुटिपूर्ण भै बदरभागी रहेको।

- अदानचुली गाउँपालिका र रलिङ सप्लायर्स एण्ड कन्ट्रक्सनका प्रोपाइटर बीच ठेक्का सम्झौता हुँदा लौठीबाट रिल्म हुदै विगोठी सम्म भएको देखिएकोमा आयोगको स्थलगत मुचुल्कामा पाल्तबाट शुरुवात भएको सडक आयोजना नापजाँच भएको देखिएको।अर्को आयोजनाको सम्झौतामा थलान्नादेखि कल्खेसम्म सडक निर्माण उल्लेख भएको देखिएकोमा आयोगको स्थलगत मुचुल्कामा थलोहाल्ना देखि कल्खे सम्म नापजाँच भएको भन्ने देखिदा सो मुचुल्का तथा प्रतिवेदन तयार गर्दाको अबस्थामा यी प्रतिवादीहरुले बदनियतपूर्वक सम्झौता बमोजिमको काम नगरेको र निजहरु उपर मुद्दा परिसकेपछि कसूर अपराधबाट उन्मुक्ति पाउने मनसायले उक्त योजनाहरुको थप सडक निर्माण गर्न सक्ने कार्यलाई इन्कार गर्न नसकिने अवस्था समेत रहने हुँदा तत्कालको अबस्थामा आयोगको टोलीले नापजाँच गर्दा उक्त योजनाहरुको सहि र सत्य तथ्य नापजाँच भएको अबस्थाबाट निजहरुले सडक निर्माणको कार्यमा कम काम गरी रू. २१,४७,४९२।७३ सरकारी रकम हिनामिना गरेको तथ्य पुष्टि भईरहेको अवस्था हुँदाहुदै सो को विश्लेषण नगरी सफाई दिने गरी भएको फैसला त्रुटिपूर्ण देखिंदा बदरभागी रहेको।
- थलान्नादेखि कल्खे सडक निर्माण योजनाको नापजाँच गर्दा माटो कटान गरी सडक निमार्ण गर्ने काममा जम्मा १२,९११।५४ घनमिटर लम्बाइमा काम भई भुक्तानी भएको देखिए तापनि नापजाँच गर्दा ६,५७८।७० घनमिटर कार्य भएको देखिएको। लौठीदेखि रिल्म हुँदै बिगोठीसम्मको सडक योजनाको स्थलगत नापजाँच गर्दा १२६० मिटर लम्बाइको काम भएको देखिएको तर नापी किताबमा १५०० मिटर लम्बाइमा काम भएको उल्लेख भएको देखिंदा प्रतिवादीहरुले मिलेमतो गरी नभए नगरेको सडक निर्माण सम्वन्धी कार्यलाई भए गरेको भनी मुल्याङ्कन गरी गलत नापी किताब, विल भरपाई तयार गरी भुक्तानी लिने दिने गरी भ्रष्टाचारको कसूरजन्य कार्य भएको पुष्टि भईरहेकोमा मिसिल संलग्न बस्तुनिष्ठ र स्वतन्त्र प्रमाणहरुलाई अनदेखा गरी सफाई दिने गरी भएको फैसला त्रुटिपूर्ण रही बदरभागी छ।

सहायक प्रवक्ता
देवी प्रसाद थपलिया

**देहायः**

| सि.न | प्रतिवादीहरु | मुद्दा | आयोगको मागदावी | विशेष अदालतको फैसला र आधार | आयोगबाट सम्मानित सर्वोच्च अदालतमा पुनरावेदन गरिएका आधारहरु |
|---|---|---|---|---|---|
| १ | **टकदत्त प्याकुरेल समेत भएको** (वि.अ. को( मुद्दा नं. ०७९-CR-०००९वि.अ. को फैसला मिति २०८०।११।०६ | गैर कानूनी लाभ हानी लिनु दिनु गरी भ्रष्टाचार गरेको। | प्रतिवादीहरू टकदत्त प्याकुरेल, मकरध्वज शाही र विनोद थापालाई भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ८ को उपदफा (१) को खण्ड (ग) र (ङ) को कसूरमा निज प्रतिवादीहरूलाई बिगो रू.२१,४७,४९२।७३ (अक्षरूपी एकाईसलाख सतचालीसहजार चारसय बयानब्बे पैसा त्रिहत्तर) कायम गरी सोही ऐनको दफा ८ को उपदफा (१) बमोजिम कैद र बिगो बमोजिम जरिवाना गरी सोही ऐनको दफा ८ को उपदफा (१) बमोजिम बिगो असुल उपर हुन मागदाबी लिइएको, साथै निज प्रतिवादीहरू मकरध्वज शाही र विनोद थापाले नापी किताबमा फिल्डमा भएको वास्तविक कार्यभन्दा नभए नगरेको बढी काम गरेको देखाई बदनियतपूर्वक गलत नापी किताब, अन्तिम बिल र कार्यसम्पन्न प्रतिवेदन तयार गर्ने, पेश गर्ने र स्वीकृतिको लागि सिफारिस गर्ने समेतका काम गरी रू.२१,४७,४९२।७३ बढी काम गरेको मूल्याङ्कन गरेको र प्रतिवादी टकदत्त प्याकुरेलले नापी किताब र कार्य सम्पन्न प्रतिवेदन समेतलाई यथार्थ एकिन नगरी गलत विवरण राखी तयार गरेको नापी किताब र कार्यसम्पन्न प्रतिवेदन स्वीकृत गरेको हुँदा प्रतिबादीहरू मकरध्वज शाही, विनोद थापा र टकदत्त प्याकुरेललाई भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १९(२) बमोजिमको कसूरमा ऐ. ऐनको दफा १९(२) बमोजिम थप कैद र जरिवाना हुनसमेत मागदाबी लिईएको छ।<br>अर्का प्रतिवादी गणेश भण्डारीले (ठेकेदार) गैरकानूनी लाभ लिने र गाउँपालिकालाई हानि पुर्याउने उद्देश्यले फिल्डमा भएको वास्तविक कामभन्दा | १. **फैसलाः**<br>विशेष अदालतबाट सबै प्रतिवादीहरु टकदत्त प्याकुरेल, मकरध्वज शाही, विनोद थापा र गणेश भण्डारीलाई आरोपदावी बमोजिमको कसुर ठहर तथा सजाय नगरी सफाइ दिने गरी फैसला भएको छ।<br>**२. विशेष अदालतले फैसला गर्दा लिएका मुल बुदा एबं आधारहरु :**<br>क) नियमानुसार ठेक्का सम्झौता भएको र सडक निर्माणको कार्य सम्पन्न भएकोमा विवाद नदेखिएको,<br>ख) प्रतिवादीहरुको मौकाको वयान र अदालत समक्षको वयान,वादी प्रतिवादीका साक्षी एवं अदालतबाट बुझिएका साक्षीहरुको बकपत्र वेहोरा समेतको आधारमा उक्त सडक निर्माणको काममा कम परिणामको काम गरी बदनियतपूर्वक बढी भुक्तानी लिएको र आपसी मिलेमतोमा प्रतिवादीहरुले सरकारी रकम हिनामिना गरेको भन्ने तथ्य वस्तुगत प्रमाणको आधारमा पुष्टि हुन नआएको,<br>ग) वादीले प्रमाणको रुपमा पेश गरेको स्थलगत मुचुल्कालाई थप पुष्टि गर्न प्रतिवेदनमा दस्तखत गर्ने सबैलाई साक्षी प्रस्तुत नगरी केहिलाई मात्र साक्षीको रुपमा प्रस्तुत गरेको देखिएको तर प्रतिवेदन वेहोरा ठीक हो भन्ने मौकामा लेखाउने ती साक्षीहरुले अदालतमा आई आफूहरु आयोगको टोलीले गरेको नापजाँचमा उपस्थित नभएको, प्रतिवेदनमा सही गरिदिनु भनेर पछि आग्रह गरेकोले सही सम्म गरिदिएको भनि बकपत्र गरेबाट आयोगको उक्त स्थलगत नाँपजाँच नै खण्डित भएको देखिएको,<br>घ) आयोगको टोलीले प्रतिवादीहरुको | क) प्रतिवादीहरुले कसूरबाट बच्नको लागी सम्झौता बमोजिमको कार्य सम्पन्न भएको,सम्पन्न काम भन्दा अधिक विवरण उल्लेख गरी नापी किताब र कार्य सम्पन्न प्रतिवेदन गर्ने र गर्न लगाउने काम नगरेको,झूट्टा विल भरपाई पेश गरी भुक्तानि लिए दिएको होईन।आयोगको टोलीले सडक योजनाको शुरु विन्दुवाट नापजाँच नगरी अपुरो प्रतिवेदन पेश गरेको, मिलेमतोगरी बदनियतसाथ काम गरी भ्रष्टाचार गरेको छैन भनि आरोपित कसूरमा ईन्कारी वयान गरेकोमा निजहरुले गरेको इन्कारी वयान अन्य स्वतन्त्र प्रमाणहरुबाट समर्थित भएको अबस्था नदेखिदा प्रतिवादीहरुको इन्कारी वयान मात्र सफाई पाउने आधार बन्न सक्ने होइन। प्रतिवेदकहरु रेशमबहादुर वली,भेषराज रिजाल,लक्ष्मीप्रसाद भण्डारी समेतको मौकाको प्रतिवेदन समर्थन गरी अदालतमा उपस्थित भई गढाउकोसाथ बकपत्र गरेको अवस्थामा मिसिल संलग्न तथ्य प्रमाणहरुको न्यायिक विश्लेषण नगरी एकतर्फि रुपले प्रतिवादीहरुलाई सफाई दिने गरी विशेष अदालतबाट भएको फैसला त्रुटिपूर्ण भै बदरभागी छ।<br>ख) अदानचुली गाउँपालिका र रलिङ सप्लायर्स एण्ड कन्ट्रक्सनका प्रोपाइटर गणेश भण्डारी वीच ठेक्का सम्झौता हूँदा लौठीबाट रिल्म हुदै विगोठी सम्म भएको देखिन्छ भने आयोगको स्थलगत मुचुल्कामा पाल्तबाट शुरुवात भएको सडक आयोजना नापजाँच भएको देखिन्छ।यसैगरी अर्को आयोजना थलान्नादेखि कल्खेसम्म सडक निर्माण आयोजनाको सम्झौतामा उल्लेख भएको देखिन्छ भने आयोगको स्थलगत मुचुल्कामा थलोहाल्ना देखि कल्खे सम्म नापजाँच भएको भन्ने देखिदा सो मुचुल्का तथा प्रतिवेदन तयार गर्दाको अवस्थामा यी प्रतिवादीहरुले बदनियतपूर्वक सम्झौता बमोजिमको काम नगरेको र पछि निज प्रतिवादीहरु उपर मुद्दा परिसकेपछि कसूर अपराधबाट उन्मुक्ति पाउने मनसायले उक्त योजनाहरुको थप सडक निर्माण गर्न सक्ने कार्यलाई इन्कार गर्न नसकिने अवस्था समेत रहने हुँदा तत्कालको अबस्थामा आयोगको टोलीले नापजाँच गर्दा उक्त योजनाहरुको सहि र सत्य तथ्य नापजाँच भएको अबस्थाबाट निज प्रतिवादीहरुले सडक निर्माणको कार्यमा कम काम गरी रू. २१,४७,४९२।७३ (अक्षेरूपी एक्काईसलाख सत्चालीस हजार चारसय बयानब्बे त्रिहत्तर पैसा) सरकारी रकम हिनामिना गरेको तथ्य पुष्टि भईरहेको अवस्था हुँदाहुदै सो को विश्लेषण नगरी प्रतिवादीहरुलाई सफाई दिने गरी भएको फैसला त्रुटिपूर्ण देखिदा बदरभागी छ।<br>ग) अख्तियार दुरूपयोग अनुसन्धान आयोगको कार्यालय, सुर्खेतका सब-इञ्जिनियर रेशमबहादुर वलीको प्रतिवेदन अनुसार थलान्नादेखि कल्खे सडक निर्माण योजनाको स्थलगत नापजाँच गर्दा नापी किताब, भुक्तानी बिल र कार्यसम्पन्न प्रतिवेदनमा उल्लेख भए अनुसार लम्बाइ र परिमाणमा काम भएको देखिदैन। योजनामा सबै प्रकारको माटो कटान गरी सडक निमार्ण गर्ने काममा जम्मा १२,९११।५४ घनमिटर लम्बाइमा काम भई भुक्तानी भएको देखिए तापनि नापजाँच गर्दा ६,५७८।७० घनमिटर कार्य भएको देखिन्छ। निमार्ण व्यवसायीलाई Road Excavation in Hard soil Hard rock मा ६,३३२।८४ बढी घनमिटर परिमाणको रू.१५.८३,२६९।३३ कामभन्दा बढी भुक्तानी गरेको देखिन्छ। लौठीदेखि रिल्म हुँदै बिगोठीसम्मको सडक योजनाको स्थलगत नापजाँच गर्दा १२६० मिटर लम्बाइको काम भएको देखिएको तर नापी किताबमा १५०० मिटर लम्बाइमा काम भएको उल्लेख छ भने भुक्तानी बिल र कार्यसम्पन्न प्रतिवेदनमा सोही परिमाण प्रविष्टि गरी भुक्तानी दिएको देखिन्छ भन्ने समेत बेहोराको मिति २०७८।०९।२६ गतेको प्रतिवेदन रहेको साथै अख्तियार दुरुपयोग अनुसन्धान आयोगको कार्यालय, सुर्खेतबाट खटी गएको उपसचिव भेषराज रिजाल समेतको टोलीले मुचुल्का सहित पेस गरेको प्रतिवेदनबाट पनि लौटीदेखि रिल्म विगौठीसम्मको सडक आयोगको टोलीले नापजाँच गर्दा कुल १२६० मिटर लम्बाइको ट्र्याक खोली सडक निर्माण गरेको तर सवारी साधन सञ्चालनमा रहेको नदेखिएको, थलाल्नादेखि कल्खेसम्मको सडक नापजाँच गर्दा ६२० मिटर लम्बाइ सडकमा नयाँ ट्र्याक खोली सवारी सञ्चालनमा रहेको भन्ने मिति २०७८।०६।१४ गतेको स्थलगत मुचुल्का सहितको प्रतिवेदनबाट देखिएको छ। बकपत्र गर्ने क्रममा |

| | | | | | |
|---|---|---|---|---|---|
| | | | नापी किताबमा बढी काम गरेको देखाई बदनियतसाथ वास्तविक कामभन्दा बढी भुक्तानी लिई रू. २१,४७,४९२।७३ (अक्षेरूपी एक्काईस लाख सत्चालीस हजार चारसय बयानब्बे त्रिहत्तर पैसा) बदनियतपूर्वक सरकारी सम्पत्तिको आफूलाई लाभ र नेपाल सरकारलाई हानी पुऱ्याई भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ८(४) बमोजिमको कसूर गरेको देखिएकोले निज प्रतिवादी गणेश भण्डारीलाई विगो रू. २१,४७,४९२।७३ (अक्षेरूपी एक्काईस लाख सतचालीस हजार चार सय बयानब्बे त्रिहत्तर पैसा) कायम गरी सोही ऐनको दफा ८(४) बमोजिम कैद वा विगो बमोजिम जरिवाना गरी उल्लिखित विगो रू. २१,४७,४९२।७३ समेत निज प्रतिवादी गणेश भण्डारीबाट ऐ. ऐनको दफा ८(४) बमोजिम जफत हुन समेतको मागदावीरहेको छ। | रोहवरमा विवादित सडकको नापजाँच नगरेबाट उक्त मुचुल्का शंका गर्नु स्वभाविक देखिंदा यस अदालतको आदेशानुसार अदानचुली गाउँपालिका,हुम्लामा पत्र पठाई सोको जवाफि पत्रबाट सडकको नामकरण सहित प्राविधिकले तयार गरेको नक्सा तथा सम्वन्धित वडाध्यक्ष ,भद्र भलादमी र स्थानियबासी समेतले गरेको मुचुल्काबाट कामको परिमाण कम भएको भन्ने नदेखिदा प्रमाणको प्रचुरताको अभावमा वादी दावी स्वतन्त्र र विश्वासनीय रुपमा पुष्टि हुन नसकेको, | निज प्रतिवेदकहरुले सोही वेहोरा उल्लेख गरी विशेष अदालतमा उपस्थित भई बकपत्र गरे समेतबाट निज प्रतिवादीहरुले मिलेमतो गरी नभए नगरेको सडक निर्माण सम्वन्धी कार्यलाई भए गरेको भनी मुल्याङ्कन गरी गलत नापी किताब,विल भरपाई तयार गरी भुक्तानि लिने दिने गरी भ्रष्टाचारको कसूरजन्य कार्य भएको पुष्टि भईरहेकोमा मिसिल संलग्न बस्तुनिष्ठ र स्वतन्त्र प्रमाणहरुलाई अनदेखा गरी प्रतिवादीहरुलाई सफाई दिने गरी विशेष अदालतबाट भएको फैसला त्रुटिपूर्ण रही बदरभागी रहेको।<br>घ) विशेष अदालत ऐन,२०५९ को दफा ७(क) बमोजिम अदालतबाट बुझिएका मानिसहरु विष्णु थापा,देउलु थापा,रज्या थापा,जयराज सँज्याल,वर्षे महरा,सौमती रावल,दत्तबहादुर थापा र दिनेश पाण्डे समेतले अदालतमा बकपत्र गर्दा प्रतिवादीहरुले कम कार्य गरी बढी भुक्तानि लगेका होईनन् भनि बकपत्र गरी दिएको देखिएको समेतबाट मौकामा अख्तियार दुरुपयोग अनुसन्धान आयोगको टोलीले पेश गरेको मुचुल्का तथा प्रतिवेदनको प्रतिकुल हुने गरी बकपत्र गरेको भएतापनि यी मौकामा कागज गर्ने मानिसहरु र प्रतिवादीहरु एउटै गाउँ समाजमा बस्ने मानिसहरु भएको देखिंदा प्रतिवादीहरुले निजहरुलाई प्रत्यक्ष कसूर गरी अन्याय भएको अवस्था नरही भ्रष्टाचारको कसूर गरेकोले निजहरुलाई प्रत्यक्ष असर नपुगेको महशुस गरी बकपत्र गरेको यथार्थता विचारणीय रहेको तथा बकपत्र गर्ने समयावधि सम्ममा निज प्रतिवादीहरु उपर सजाय हुनबाट बचाउनको लागि विभिन्न डर त्रास, दबाब प्रभावमा परी प्रतिवादीहरुले आफ्नो अनुकूल बकपत्र गराउन सक्ने अबस्था समेतलाई इन्कार गर्न नसकिने परिस्थिति समेत विचारणीय रहेको साथै साक्षी संरक्षण समेतको अभावमा प्रतिकुल बकपत्र हुनसक्ने अबस्थालाई इन्कार गर्न नसकिने अबस्था परिस्थिति समेत हुने भएबाट वास्तिवक घटना र यथार्थतालाई विवेचना नगरी मौकामा बुझिएका मानिसहरुको अदालतमा गरेको कथनको आधारमा भ्रष्टाचार जस्तो गम्भिर कसूरमा प्रतिवादीहरुलाई सफाई दिने गरी भएको फैसला त्रुटिपूर्ण भै बदरभागी छ।<br>ङ) विशेष अदालतको आदेशानुसार अदानचुली गाउँपालिकाका प्राविधिक ईन्जिनियर दलसिंह बिष्टले अदानचुली गाउँपालिका वडा न. १ मा पर्ने थलाल्नादेखि कल्खेसम्मको सडकबीचमा थलोहाल्ना भन्ने ठाउँ रहेको र थलाल्नादेखि थलोहाल्ना सम्मको दुरी ३८७ मिटर रहेको छ।त्यसैगरी, अदानचुली गाउँपालिका वडा नं. ४ मा पर्ने लौठी देखि रिल्म हुँदै बिगोठी सम्मको सडक बीचमा पाल्त भन्ने ठाउँ रहेको र लौठीदेखि पाल्त सम्मको दुरी २४९ मिटर रहेको छ भन्ने बेहोरा उल्लेख गरी विशेष अदालतमा पत्र तथा मुचुल्का पठाएतापनि उक्त दुवै सडकहरुको सम्पूर्ण लम्वाई के कति हो त भन्ने प्रष्ट उल्लेख भएको छैन।अदालतको आदेशानुसार भएको नाँपजाँच विवरण स्वतन्त्र प्राविधिकबाट नापजँच भई प्राप्त भएको नदेखिएकोले उक्त नापजाँच शंकास्पद रही विश्वासनीयताको अभाव रहनुको साथै अदालतमा साक्षी बकपत्रद्वारा परीक्षण नभएका प्रतिवेदनलाई प्रमाणमा लिई भएको प्रस्तुत फैसला त्रुटिपूर्ण रहेकोकोले बदरभागी छ।<br>च) उक्त अदानचुली गाउँपालिकाका प्राविधिक ईन्जिनियर दलसिंह विष्टको प्रतिवेदनको रोहवर तथा मुचुल्कामा बसेका वडाध्यक्ष एवं अन्य मानिसहरुको भनाई स्वतन्त्र प्रमाणबाट पुष्टि भएको नभई सोही गाउँपालिकाका मानिस भएको र प्रतिवेदक समेत सोही गाउँपालिकाका प्राविधिक भएको कारणवाट निजले कलुसित मनसाय (vested of Interest ) राखी सो कागजातहरु तयार गरी विशेष अदालत समक्ष पठाउन सक्नेमा इन्कार गर्न सक्ने अवस्था नरहेबाट उक्त कागजातहरुप्रति विश्वासनियता नभएको र यस किसिमका प्रमाणहरुलाई प्रमाणको रुपमा ग्रहण गरी भएको प्रस्तुत फैसला गंभिर रुपमा त्रुटियुक्त रहेकोले बदरभागी छ।<br>अतः उल्लिखित आधार कारणहरुबाट विशेष अदालतले प्रतिवादीहरु टकदत्त प्याकुरेल, मकरध्वज शाही, विनोद थापा र गणेश भण्डारी लाई आरोपदावी बमोजिमको कसुर ठहर तथा सजाय नगरी भएको फैसला त्रुटिपूर्ण हुँदा उक्त फैसला बदर गरी निज प्रतिवादीहरुलाई आरोपदावी वमोजिम कसुर ठहर गरी सजाय गरी पाउन श्री सर्वोच्च अदालत समक्ष अनुरोध गरी पुनरावेदनपत्र पठाईएको। |